# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९) काठमाडौं, जेठ २ गते २०४६ साल (संख्या ५


## भाग ३

श्री ५ को सरकार

### सामान्य प्रशासन मन्त्रालयको सूचना

#### निजामती सेवा (छब्बीसौं संशोधन) नियमावली, २०४६

निजामती सेवा नियमावली, २०२१ लाई संशोधन गर्न वान्छनीय भएकोले निजामती सेवा ऐन, २०१३ को दफा ७ र ८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम निजामती सेवा (छब्बीसौं संशोधन) नियमावली, २०४६ रहेको छ ।

(२) यो नियमावलीको नियम ३,४,५,६ र ७ २०४५ श्रावण १ देखि प्रारम्भ भएको मानिनेछ र बाँकी अन्य नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. मूल नियमावलीको नियम ७.४ मा संशोधनः मूल नियमावलीको नियम ७.४ को प्रतिवन्धात्मक वाक्याँशको खण्ड (२) को सट्टा देहायको खण्ड (२) राखिएको छ ।

"(२) भविष्यमा सरकारी नोकरीको निमित्त सामान्यतः अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गरिएका निजामती कर्मचारीले यस नियमबमोजिम निवृत्तभरण पाउन सक्नेछैन ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमावलीको नियम ७.४ क. मा संशोधनः मूल नियमावलीको नियम ७.४ क. को उपनियम (१) मा रहेको "दुई तिहाईका" भन्ने शब्दहरूको अगाडि "कम्तीमा" भन्ने शब्दहरू थपिएका छन् ।

४. मूल नियमावलीको नियम ७.५ मा संशोधनः मूल नियमावलीको नियम ७.५ को उपनियम (१ ख) मा रहेका "दुई तिहाईका" भन्ने शब्दहरूको अगाडि "कम्तीमा" भन्ने शब्दहरू थपिएका छन् ।

५. मूल नियमावलीको नियम ७.६ मा संशोधनः मूल नियमावलीको नियम ७.६ को उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छः–

"(३) अशक्तताबापत उपनियम (२) मा लेखिएको निवृत्तभरणमा थप पाउने मासिक अशक्त भत्ता देहायका कर्मचारीको शुरू तलब स्केलको देहायको प्रतिशतबमोजिम हुनेछः–

| अशक्तताको प्रतिशत | राजपत्रांकित विशिष्ट श्रेणी | राजपत्रांकित प्रथम श्रेणी | राजपत्रांकित द्वितीय श्रेणी | राजपत्रांकित तृतीय श्रेणी र सोमुनिका सबै राजपत्र अनंकित श्रेणी (पियन वा सो सरहसमेत) |
|---|---|---|---|---|
| १०० | १२% | १४.५०% | १४.५०% | १६% |
| ९० | १०.७५% | १२.५०% | १३% | १४.५०% |
| ८० | ९.५०% | ११% | ११.२५% | १३% |
| ७० | ८.२५% | ९.५०% | १०% | ११.५०% |
| ६० | ७.५०% | ८% | ८.५०% | १०% |
| ५० | ५.७५% | ६.५०% | ७% | ८.५०% |
| ४० | ४.५०% | ५% | ६.५०% | ७% |
| ३० | ३.२५% | ३.५०% | ५% | ५.५०% |
| २० | २% | २% | ३.५०% | ५% |

स्पष्टीकरणः (क) सयकडा २० भन्दा कम्ती अशक्तलाई अशक्त भएको मानिनेछैन ।

(ख) अशक्तवृत्ति पाएका वा पाउने ठहरिएका निजामती कर्मचारी पछि निजामती सेवा वा पदमा प्रवेश भएमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

24

वा कायम रहेमा (नोकरीको अवधिभर) यो नियममा लेखिएको अशक्तवृत्ति पाउनेछैन ।"

६. <u>मूल नियमावलीको नियम ७.७ मा संशोधनः</u> मूल नियमावलीको नियम ७.७ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः–

"(१) कुनै निजामती कर्मचारीको सरकारी कामको सिलसिलामा दुर्घटनामा परी तत्कालै मृत्यु भएमा वा त्यसैको कारणबाट निको नहुँदै पछि मृत्यु भएमा निजको विधवा स्त्रीलाई छुट्टै आजीवन मासिक पारिवारिक वृत्तिको रूपमा नियम ७.४ क. को उपनियम (१) अनुसारको न्यूनतम निवृत्तभरणको पचास प्रतिशतले हुन आउने रकम र थप उपदानको रूपमा मृतक कर्मचारीले खाइपाई आएको तलबको तीन महीनाको रकम एकमुष्ट दिइनेछ ।"

७. <u>मूल नियमावलीको नियम ७.७ क. मा संशोधनः</u> मूल नियमावलीको नियम ७.७ क. को,–

(१) उपनियम (१) को खण्ड (क) र (ख) को सट्टा देहायको खण्ड (क) र (ख) राखिएका छन्ः–

"(क) राजपत्राङ्कित कर्मचारीको प्रत्येक सन्ततिलाई नौ सय रूपैयाँ ।

(ख) राजपत्र अनंकित कर्मचारीको प्रत्येक सन्ततिलाई सात सय रूपैयाँ ।"

(२) उप-नियम (२) को सट्टा देहायको उप-नियम (२) राखिएको छः–

"(२) सरकारी कामको सिलसिलामा मृत्यु भएको निजामती कर्मचारीको प्रत्येक सन्ततिलाई उप-नियम (१) बमोजिमको शैक्षिक भत्ता लगायत त्यस्तो मृतक कर्मचारीको प्रत्येक सन्ततिलाई (आमा, बाबु दुवै जीवित नहुने) मृतक कर्मचारी बहाल रहेको पदको शुरू तलब स्केलको देहायबमोजिमको प्रतिशतका दरले मासिक सन्ततिवृत्तिसमेत दिइनेछ :–

| कर्मचारीको पद | | शुरू तलबको प्रतिशत |
|---|---|---|
| १. मुख्य सचिव | – | ६ |
| २. सचिव र अन्य विशिष्ट श्रेणी | – | ६.५ |
| ३. अतिरिक्त सचिव र सो सरह | – | ७ |
| ४. सह-सचिव र सो सरह | – | ८ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

22

| | | |
|---|---|---|
| ५. उप-सचिव र सो सरह | — | १० |
| ६. सहायक सचिव र सो सरह | — | १०.५ |
| ७. शाखा अधिकृत | — | १२ |
| ८. नायव सुब्बा | — | १२ |
| ९. खरिदार | — | १२ |
| १०. मुखिया | — | १३ |
| ११. बहिदार | — | १४ |
| १२. पियन र सो सरह | — | १५ |

तर आमा वा बाबुमध्ये कुनै एक जीवित हुने सन्ततिलाई उपर्युक्तबमोजिमको प्रतिशतले हुन आउने रकममा दश प्रतिशतका दरले हुन आउने रकम घटाई सन्ततिवृत्ति दिइनेछ ।

८. मूल नियमावलीमा नियम ८.७ थप: मूल नियमावलीको नियम ८.६ पछि देहायको नियम ८.७ थप गरिएको छः–

"८.७ कायम मुकायम मुकरर गर्न नसक्नेः (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विशिष्ट श्रेणीको पदबाहेक अन्य रिक्त स्थायी पदमा एक वर्षभन्दा बढी अवधिको लागि कायम मुकायम मुकरर गर्न पाइनेछैन ।

(२) उप-नियम (१) विपरीत हुने गरी बढी अवधिको लागि कायम मुकायम मुकरर गरेमा त्यसरी कायम मुकायम मुकरर गरेको बढी अवधिमा सम्बन्धित कर्मचारीले पाएको तलब भत्ताको रकम त्यसरी कायम मुकायम मुकरर गर्ने अधिकारीबाट नियम १०.१ को खण्ड (३) बमोजिम विभागीय कारवाही गरी असूल उपर गरिनेछ ।"

९. मूल नियमावलीमा नियम ११.१६ क थप: मूल नियमावलीको नियम ११.१६ पछि देहायको नियम ११.१६ क. थप गरिएको छः–

"११.१६ क. चेतावनी स्वरूप रकम तिराउन सक्नेः (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निजामती कर्मचारीले कार्यालयसम्बन्धी काममा सावधान भई काम नगर्नाले वा अनुशासनमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नरही काम गर्नाले कुनै त्रुटी हुन गएमा त्यस्ता कर्मचारीको मासिक तलबको एक प्रतिशतसम्मको तलब कार्यालय प्रमुखले चेतावनी स्वरूप तिर्न लगाउन सक्नेछ ।

(२) उप-नियम (१) बमोजिम कार्यालय प्रमुखले चेतावनी दिएको अठ्चालीस घण्टाभित्र चेतावनी स्वरूपको रकम सम्बन्धित निजामती कर्मचारीले आफ्नो कार्यालयमा बुझाउनु पर्नेछ। त्यसरी नबुझाएमा सम्बन्धित कार्यालयले त्यस्तो रकम निजको तलबबाट कट्टा गर्नेछ। त्यस्तो रकम संचित कोषमा दाखिला गरिनेछ।

(३) उप-नियम (१) बमोजिमको चेतावनी वर्षको बाह्र पटकसम्म दिन सकिनेछ। यसरी पटक पटक चेतावनी पाउँदा पनि सम्बन्धित निजामती कर्मचारीले काममा सावधानी नराखेमा निज उपर नियम १०.१ बमोजिम सजाय गरिनेछ।"

१०. खारेजीः मूल नियमावलीको नियम १०.१६ खारेज गरिएको छ ।

आज्ञाले,
विमलराज बस्नेत
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२८